फोन नं. ०८६-४४०११२

लुम्बिनी प्रदेश सरकार
वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रोल्पा

प्रेम शंकर चौधरी
डिभिजनल वन अधिकृत

## आवश्यकता

मिति: २०८०/१०/१४

डिभिजन वन कार्यालय, रोल्पाको चालु आ.व. २०८०/०८१ को स्वीकृत ब.उ.शि.नं.३२९०००१७, वन उद्यम र पर्यापर्यटन प्रवर्धन कार्यक्रम तर्फ कार्यक्रम क.सं. ११.४.१७.११४ को जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रम रोल्पा अन्तर्गत यस जिल्लामा रहेको प्रस्तावित जलजला संरक्षित वनमा यस आर्थिक बर्षको स्वीकृत कार्यक्रम कार्यान्वयनमा सहजिकरणका लागि तपशिल बमोजिमको संख्यामा निम्न बमोजिम योग्यता पुगेका रेन्जर/वन प्राविधिक आवश्यक भएकोले योग्यता पुगेको ब्यक्तिले २०८१ साल आषाढ मसान्तसम्म काम गर्न चाहने नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तल उल्लेखित ठेगानामा आवेदकको निवेदन, वायोडाटा, नेपाली नागरिकताको प्रतिलिपी, अनुभव तथा सेवा प्रमाणित प्रतिलिपीहरु र शैक्षिक योग्यता प्रमाणपत्रका प्रतिलिपीहरु सहित कार्यालय समय भित्र दरखास्त पेश गर्न हुन आव्हान गरिन्छ । रित नपुगी र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन । अन्य विस्तृत जानकारीको लागि कार्यालय समयमा कार्यालयको फोन नं. ०८६–४४०११२ सम्पर्क गर्न हुन अनुरोध छ ।

### आवश्यकताको विवरण

| क. सं. | पद | पद संख्या | शैक्षिक योग्यता एवम् कार्य अनुभव |
|---|---|---|---|
| १ | रेन्जर | १ | • मान्यता प्राप्त शैक्षिक संस्थावाट वन विज्ञान विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको ।<br>• कम्प्यूटर, GPS तथा GIS को ज्ञान भएका<br>• वन सम्वर्धन प्रणालीमा आधारित सामुदायिक वनको कार्ययोजना तयार गर्न सक्ने, कवुलियति वनको कार्ययोजना तथा समूहको विधान वनाउन सक्ने, कार्ययोजना अनुसारको कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।<br>• समुदाय परिचालन गर्न सक्ने समन्वयको खुवी भएको ।<br>• विरुवा उत्पादन, बृक्षारोपण, अग्नी रेखा निर्माण/मर्मत संभार, वन्यजन्तु उद्धार जस्ता वन संग सम्वन्धित अन्य प्राविधिक विषयमा ज्ञान भएको/अनुभव प्राप्त भएको ।<br>• कार्य अनुभव भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।<br>• दुई पाङग्रे सवारी साधन चलाउन सक्ने तथा लाइसेन्स भएको।<br>• तोकिएको कार्य सम्पन्न गर्न अतिरिक्त समय दिएर पनि काम गर्न सक्ने । |

**पारिश्रमिक:** रेन्जर/वन प्रविधिकको लागि प्रति महिना रु. ३०,००० (तीस हजार) मा नबढने गरि दुई पक्ष विचको सम्झौतानुसार ।
**छनौट प्रकृयाको माध्यम:** अन्तर्वाता
**अन्तर्वाता मिति र समय:** फोनबाट जानकारी गराइनेछ ।
**दरखास्त बुझाउने स्थान:** डिभिजन वन कार्यालय, रोल्पा वा कार्यालयको **इमेल ठेगाना:** dforolpa12@gmail.com
**नोट :** यस सम्वन्धिको सम्पूर्ण अधिकार डिभिजन वन कार्यालय, रोल्पामा सुरक्षित रहनेछ ।